जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक ४० २०७८ साल बैशाख २६ गते आइतवार (9 May 2021 Sunday) मूल्य रु. ७/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुठ्ठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : कोरोनाको त्रास र ... पृष्ठ ३ मा : कोरोना कहरमा पनि ... पृष्ठ ४ मा : कोरोनामा स्वास्थ्यको हक : ... पृष्ठ ५ मा : सरकार भर्सेस ...

## सप्तरीमा आजदेखी निषेधाज्ञा



**राजविराज/सप्तरीमा** आजदेखी स्थानिय प्रशासनले निषेधाज्ञा जारि गरेको छ ।

जिल्लामा बढ्दो कोभिड १९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले जिल्लाका शहरी क्षेत्रहरुमा शनिबार राती १२ बजेदेखी निषेधाज्ञा लगाइएको हो ।

जिल्ला संकट व्यवस्थापन केन्द्रको बिहीबार सम्पन्न बैठकले अर्को आदेश जारी नभएसम्मका लागि निषेधाज्ञा जारि रहने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेलको अध्यक्षतामा सम्पन्न बैठकले जिल्ला सदरमुकाम राजविराजसहित फत्तेपुर, कंचनपुर, बरमझिया, भारदह, हनुमाननगर, रुपनी, कठौना, कल्याणपुर, पातो, तोपा, महुली, बिरेन्द्र बजार, खरचुहिया, विष्णुपुर, छिन्नमस्ता, जिरिया हटिया, मंसापुर, पत्थरगाडा र बोदेबरसाइन लगायतका बजारहरुमा निषेधाज्ञा जारि गरिएको जनाइएको छ ।

यस्तै सोही बैठकले सरकारी अस्पतालमा कार्यरत चिकित्सकलाई निजी क्लिनिक बन्द गरेर अस्पतालमै सेवा दिन निर्णय समेत गरेको छ। यस्तै निजी क्लिनिक सञ्चालन गर्ने अन्य चिकित्सकलाई पनि भीडभाड नगरी सञ्चालन गर्न भनेको छ ।

यसैगरि जिल्लामा रहेको यूनिक र छिन्नमस्ता अस्पताललाई कोरोना संक्रमितको उपचारको व्यवस्था मिलाउन तथा प्रत्येक स्थानीय तहलाई कम्तीमा २० बेडको आइसोलेसन सञ्चालन गर्न निर्णय गरेको छ ।

यस्तै, कन्ट्याक्ट ट्रेसिङ्ग र परीक्षण जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहले समन्वय गर्ने गरी गर्ने र कुनै स्थानीय तहमा संक्रमण देखिए त्यसलाई सिल गर्न स्थानीय तह र प्रहरीलाई जिम्मेवारी दिइएको छ ।




## सात बालबालिकासहित ३३ जना संक्रमित

**राजविराज/सप्तरीमा** शनिबार पनि कोरोना संक्रमितको पुष्टि भएको छ ।

पछिल्लो एक सातादेखी प्रत्येक दिन ३० देखी ३५ जनाको संख्यामा कोरोना संक्रमित भेटिदैछ । जस मध्ये राजविराज नगरपालिकाका संक्रमित हुनेको संख्या बढ्दो छ ।

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजको प्रयोगशालामा गरिएको पिसिआर परिक्षणको शनिबार आएको रिपोर्ट अनुसार ७ बालबालिकासहित ३३ जनामा कोरोना संक्रमणको पुष्टि भएको जनाइएको छ ।

राजविराज नगरपालिका वडा नं. १ की ४० वर्षिया महिला, वडा नं. ३ का ३ र ६ वर्षिय बालकसहित २९ र ५५ वर्षिय पुरुष तथा ११ वर्षिया बालिका, २३ र ५० वर्षिया महिला, वडा नं. ५ का ४५ वर्षिय पुरुष, वडा नं. ७ का, ३७ वर्षिय पुरुष र वडा नं. ८ का ६५ वर्षिय पुरुषमा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ का २८ वर्षिय पुरुष, वडा नं. ३ का ९ वर्षिय बालक, ५० वर्षिय तथा ३४ र ३५ वर्षिया महिला, वडा नं. ८ का १२ वर्षिया बालिका, २२, ३६ र ४० वर्षिया महिला तथा १५, ४० र ६५ वर्षिय पुरुष संक्रमित भएका छन् ।

यसैगरि शम्भुनाथ नगरपालिका वडा नं. २ का ५० वर्षिय पुरुष र ४८ वर्षिया महिला, रुपनी गाउँपालिका वडा नं. ६ का ३० वर्षिय पुरुष संक्रमित भएका छन् ।

यसैगरि जिल्लाकै तिरहुत गाउँपालिका वडा नं. ४ उमेर नखुलेका एक पुरुष, अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. ३ का २६ वर्षिय पुरु, वडा नं. ६ का ३ वर्षिय बालक, खडक नगरपालिका वडा नं. ५ का २ वर्षिय बालक, १० वर्षिय पुरु र तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का २३ वर्षिय पुरुषमा समेत संक्रमण देखिएको स्वास्थ्य कार्यालय सप्तरीले जानकारी दिएको छ ।




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### "घरमै बसौं"

कोरोनाको जोखिम बढ्दै जाँदा अहिले सम्पूर्ण जनता त्रसित भएका छन् । उच्च सतर्कताका साथ सरकारले सबैलाई स्वास्थ्य मापदण्ड अपनाउन आग्रह गरेको छ । यति मात्र नभएर कोरोनाका कारण संक्रमितहरु समेत बढ्दै गएपछि स्थानिय प्रशासनले निषेधाज्ञा समेत जारि गरेको छ । जसकारण मानिसहरु घरभित्रै बसेर कोरोनालाई परास्त गर्न सकुन् । तर, मानिसहरु यसलाई हलुको रुपमा लिएर प्रशासनको निषेधाज्ञाको अवज्ञा गर्न लागिपरेका छन् । प्रशासनले जनतकै हीतका लागि गरेको निषेधाज्ञाबाट जनता नै सुरक्षित हुने कुरा बुझ्नु जरुरी छ ।

कोरोना महामारी एक मानिसबाट अर्को मानिसको सम्पर्कमा सर्ने रोग हो । यो रोग सम्पर्कबाट मात्र नभई मुखबाट निस्कने थुकको छिटा अर्को मानिसको मुखमा पर्न गई र त्यो हातको माध्यमबाट मुख भित्र पसेपछि पनि लाग्छ । यसका लागि अहिलेको बेला मानिस मानिसबीचको सम्पर्क बनाएर बस्नु तथा बोल्नु पर्ने अवस्था रहेको छ । यसका लागि उत्तम विकल्प मानिस एक अर्काको सम्पर्कमा नआउनु नै हो । केही दिन सम्पर्कमा नआई सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्न सकिए हामी कोरोनालाई परास्त गर्न सक्छौं ।

तसर्थ कोरोनालाई परास्त गर्न तथा यसबाट जोगिन अहिलेको समयमा स्वास्थ्य सम्बन्धी सम्पूर्ण निर्देशन पालना गर्नुको बाहेक कुनै विकल्प छैन् ।

# कोरोनाको त्रास र सुरक्षित रहने उपाय



**कविराज सुमन सत्याल**

कोरोनाको दोस्रो कहर शुरु हुन नपाउँदै सरकारले आफ्नो लाचारीपन देखाएर सारा नेपालीलाई निराश गराएको छ । कोभिड बिरामीका कारण अस्पतालका शय्या भरिएका छन् । अस्पतालमा अरु कुनै सामान्य रोग लागेर उपचार गराउन जाने बिरामीले समेत उपचार नपाउने अवस्था आइसकेको छ । कोरोनाले आफ्नो उच्चतम विन्दु निकै माथि पुर्याउने लक्षण देखाइरहेको छ । टावर र मैदानका नाममा अरबौं खर्च गर्दा सरकारलाई किन महशुस भएन यी भन्दा अत्यावश्यक कामहरु गर्न बाँकी नै छ भन्ने ? आवश्यकताको पहिचान नगरी फजुल खर्चमा सरकार लाग्नुहुँदैन भन्ने कुरा सरकारले किन बुझेन ?

संसारमा पहिलोचोटि कोरोना देखिँदा सारा विश्व नै आक्रान्त बनिरहेको अवस्थामा नेपालको अवस्था अति सामान्य थियो । तर सरकारले त्यसको मौका उठाएर अस्पताल बनाएर स्वास्थ्यको क्षेत्रमा नयाँ आयाम थप्नुपर्ने थियो । तर त्यो सुनौलो समयमा सरकार कानमा तेल हालेर बसेको थियो । अझ प्रधानमन्त्री स्वयंबाट विज्ञको परामर्शबिनै बेसार पानी, तातो पानी, अम्बाको पात जस्ता कुरा गरेर समय टारिदिए ।

समय अझै घर्किसकेको छैन । ढिला भएको पक्कै हो तर अझै पनि समय बाँकी छ । अवस्था जटिलतातर्फ अघि बढिरहे पनि समय बितिनै सकेको भने छैन । सरकारले इच्छाशक्ति देखाएर आजकै मितिबाट द्रुत गतिमा निर्माण हुनसक्ने किसिमका आधुनिक प्रविधियुक्त भवन बनाई प्रत्येक जिल्लामा आवश्यकता अनुसार एक हजार बेडदेखि अस्पताल बनाउन सुरु गर्ने हो भने बढिमा एक महिनाभित्र निर्माणनै गर्न सकिन्छ । यसतर्फ सरकारले सोचेर अघि बढ्नुपर्ने देखिन्छ ।

सरकारले नै हात उठाएपछि जनताले कसमाथि आशा राख्ने? सरकारले बुद्धिमानी पूर्वक जनतालाई मार्गनिर्देश गर्नुपर्दछ । हाम्रो पूर्विय दर्शन, सभ्यता, आयुर्वेद, जडिबुटि, प्राकृतिक चिकित्सा, योग, ध्यानमा सबल रहेको हुनाले यस तर्फ पनि विज्ञसँग बसेर छलफल गर्न सकिन्छ । उपायहरु केही पक्कै निस्कने छन् । हामिले आफ्नो तर्फबाट हुनसक्ने सावधानि अपनाएर आफ्नो र परिवारको सुरक्षाका साथै सरकारलाई सहयोगी भूमिका निर्वाह गर्न सक्छौं । यसका साथै सुरक्षाका अन्य उपायहरु अपनाउँदै कोरोनाविरुद्ध प्रतिरोधि बन्नुपर्ने देखिन्छ । त्यसको लागि निम्न उपाय अपनाउनु उत्तम देखिन्छ ।

आयुर्वेदले सबैभन्दा बढि महत्वपूर्ण दिएको आम अवस्था हुन दिनुहुँदैन । आम भन्नाले पेटमा खाना बढि खाएर वा नपचेर बसेको खराब तत्व हो जसले गर्दा जुनसुकै रोग चाँडै लाग्न सक्छ। त्यसैले लघु आहार, दाल (मुंग वा रहर नमिसाई), भात, गँहुको रोटी, हरिया तरकारी आदि दुई छाक र भोक लागेमा मात्र खाजा खाने जसमा सुजीको हलुवा, जाउलो आदि लिन सकिन्छ जुन कुरा चाँडै पचेर निराम अवस्थामा रहनको लागि मद्दत गर्दछ ।

पानीमा अदुवा, मोथे, गुर्जो, हालेर १ लिटरमा ५ ग्राम जति राखेर दिनभर आवश्यकता अनुसार पिउने ।

चियापत्तिको रुपमा घरेलु जडिबुटिहरुको प्रयोग गर्न सकिन्छ, तुलसी, कागती, ल्वांग, मरिच, पिप्ला, बेसार, अलैंची, दालचिनी आदि। यस्ता जडिबुटिको प्रयोगले पाचन प्रणाली राम्रो बनाउँछ र पेटबाट उत्पन्न हुने ज्वरो लगायतका रोग लाग्न दिँदैन भने श्वासप्रश्वास मार्ग पनि सफा गर्दछ ।

दिनचर्याको पालन गर्ने, सूर्योदय हुने १ घण्टा अगाडि उठ्ने, दिसापिसाब गरेपछि दाँत माझ्ने, नाकमा तोरीको तेल दुई थोपा दुबै नाकमा हाल्ने, जिउमा तेलले मालिस गर्ने, व्यायाम वा योग अभ्यास, प्राणायाम गर्ने र स्नान अनि मात्र भोजन गर्ने ।

हाल कोरोनाका बिरामीमा श्वासप्रश्वास सम्बन्धि समस्या बढि देखिएकाले योग अभ्यास गर्दा श्वासप्रश्वासलाई सहज गराउने किसिमका अभ्यासहरु जस्तैः भुजंगाशन, मत्स्याशन, पवन मुक्ताशन, सबै किसिमका प्राणायम र समय पुगेसम्म अन्य आशनहरुमा जोडदिनुपर्दछ। तर संक्रमण देखिएकाहरुले भने विज्ञसँगको सल्लाह अनुसार मात्र यस्ता आसनहरु गर्नुपर्छ ।

- सुत्ने दुई घण्टा अगाडिनै हलुका भोजन गर्ने ।
- दिनमा केहि मिनेट ध्यान गर्ने, सकेसम्म आधादेखि एक घण्टासम्म बढाउँदै लाने ।
- घरबाट अनावश्यक बाहिर ननिस्कने, निस्कदा अनिवार्य सावधानि अपनाउने, मास्क आदि प्रयोग गर्ने ।
- स्यानिटाइजरको भन्दा साबुन पानीको प्रयोग बढि गर्ने, स्यानिटाइजर प्रयोग गरेर खानु त्यति उपयुक्त हैन ।
- दिनमा खाली समयमा बिल्कुलै सुत्नु हुँदैन । परिवारसँग रमाइलो कुराकानी, बच्चाहरुसँग खेल खेल्ने, करेसाबारी हुनेले काम गर्न सकिन्छ भने अन्यले उर्जाशिल किसिमका क्रियाकलापमा लाग्नुपर्दछ । जतिबेला पनि मोबाइल, टिभी, समचार मात्र हेर्दा पनि अनावश्यक तनाव सिर्जना हुन्छ । त्यसैले लेख लेख्ने, उपन्यास, कथा, कविताहरु पढ्ने लेख्ने गर्नु उत्तम हुन्छ ।
- यस्तो बेलालाई अवसरको रुपमा लिएर घरमा अनिवार्य रुपमा जडिबुटिहरुको विरुवा लगाऔं । अनावश्यक रुपमा घरको शोभाको रुपमा अनेक काँडा र अन्य रुप, रस, गन्धबिनाका फूलहरुले घरलाई भरिभराउ बनाउनुभन्दा तुलसी, पुदिना, जेठिमधु, अश्वगन्धा, भृंगराज, असुरो लगायतका थुप्रै जडिबुटिहरु लगाउने ।
- सरसफाइमा ध्यान दिने। दैनिक स्नान गर्ने ।
- नयाँ पुस्तालाई हाम्रो संस्कार, सभ्यता, वैदिक ज्ञान दिने ।

-(सत्याल हाल पतञ्जली आयुर्वेद मेडिकल कलेजमा आयुर्वेद चिकित्सा अध्ययनरत छन्) स्वास्थ्य खबरबाट


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कोरोना कहरमा पनि तरकारी खेतीबाट आयआर्जन गर्दै कृषक





अरुण कुमार बडियैत

राजविराज/सप्तरीको दक्षिणी पश्चिमी भेगमा हरियो सागसबजीहरु यतिखेर स्थानिय स्तरमा उत्पादन गरि कृषकहरु सागसब्जी बिक्रि गरि आयआर्जन गर्न ब्यस्त देखिएका छन् ।

दोश्रो चरणको कोरोना भाइरसको लहरमा पनि सबैतिर बन्द रहेको बेला सप्तरीको छिन्नमस्ता गाउँपालिकाका कृषकहरुले स्थानीय स्तरमा उत्पादन गरेको हरियो साग, सब्जी उत्पादन गरि व्यवस्थालाई सहज बनाएको छ ।

स्थानीयले भोग्दै आएको कोरोना महामारीका कारण समस्यालाई मध्यनजर गरि सप्तरीको दक्षिण भेगका करिब ३२ जना कृषकहरुले छुट्टाछुट्टै ठाउँमा स्थानिय स्तरमा खेतमा उत्पादन गरेको तरकारीहरु गाउँ/गाउँ तथा शहरबजार सम्म पुऱ्याएर बिक्रि वितरण गर्ने कार्य कृषकहरु लागि परेको सेभ द सप्तरीका कृषि प्राविधिक रामकुमार साहले जानकारी दिएका छन् ।

सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको सहयोगमा सञ्चालित समुन्ती कार्यक्रम जिविकोपार्जन कार्यक्रम अन्तरर्गत जिल्लाको दक्षिणी भेगको छिन्नमस्ता गाउँपालिकाको २ वटा वडामा अति विपन्न परिवारका कृषक तथा महिला सदस्यहरुले कृषक समूह मार्फत गरेको तरकारी खेतिले स्थानीय स्तरमा हरियो साग, सब्जी आपूर्ति व्यवस्थालाई सहज बनाएको कृषि प्राविधिक साहको भनाई छ ।

उनका अनुसार कोरोना भाइरसका कारण समाजिक दुरी कायम गरि स्थानिय स्तरमा तरकारी अभाव हुन नदिनको लागि उनीहरु तरकारी उत्पादनमा जोड दिएर बजार सम्म पनि तरकारी पठाएर बिक्रिबितरण गरिरहेको छ ।

अहिले उनीहरुले बिभिन्न प्रकारका साग, सब्जी, लौका, फर्सी, करेला, घिरौला र हरियो खुर्सानी लगायत बिभिन्न प्रकारका हरियो तरकारीहरु उत्पादन गरि ग्रामीन भेग तथा बिभिन्न ठाउँमा तरकारी अभाव रहेको ठाउँमा सहजताका लागि तरकारी बिक्रि वितरण गरिरहेको उनले जानकारी दिए ।

सेभ द सप्तरीले खास गरि दलित वर्गका परिवारको जिविकोपार्जनका लागि जिल्लाको दक्षिणी भेगको छिन्नमस्ता गाउपालिका वडा नं ५ लोखरममा बिभिन्न कृषक समुह बनाएर स्थानिय स्तरमा तरकारी उत्पादन गर्न लगाएको पाइएको छ ।

करिब १७ वटा कृषक समुहले ३ बिगाहमा जग्गामा बिभिन्न प्रकारका हरियो सागसबजी उनीहरुले लगाएका छन । डिहवारबाबा कृषक समुहले लगाएको त्यहाँ तरकारी उत्पादन गर्न सेभ द सप्तरीले जग्गा भडामा लिई कृषकहरुलाई निःशुलक बिउँबिजन समेत सहयोग गरेको छ ।

साथै उनीहरुलाई बिउबिजन, मल खाद, किटनाशक औषधी लगायतका आवश्यक कृषि औजार तथा सिंचाईका लागि पम्प सेट, बोरिंगको लागि यस परियोजनाले सहयोग समेत गर्दै आएको सेभ द सप्तरीले जनाएको छ ।

उक्त संस्थाको सहयोगबाट त्यहाँका देवजी सदा, महेश पंडित, जोगेन्द्र कामैत, हिरियादेवी सदा, सहदेव पासवान सहित करिब १७ जना कृषकहरुले सामुहिकरुपमा कोरोना भाइरसका कारण कुनै काम नपाएपछि स्थानिय स्तरमा तरकारी खेति गरि आयआर्जन गर्ने गरेको देखिएको छ ।

तीन बिगाह जग्गामा बिभिन्न प्रकारको तरकारी उत्पादन गरेर उनीहरु अहिले गाउँका बिभिन्न सानो बजार तथा ठुला बजारमा बिभिन्न प्रकारका साग, सब्जी, लौका, फर्सी, करेला, खुर्सानी लगायत बिभिन्न प्रकारका हरियो तरकारीहरु बिक्रिबितरण गरि आयआर्जन गरिरहेको कृषक जोगेन्द्र कामैतको भनाई छ ।

त्यस्तै छिन्नमस्ता गाउँपालिका ६ मा समेत कमलामाई कृषक समुहका किसानहरुले हरियो तरकारी करेसाबारीमा उल्लेखनीय मात्रामा तरकारी खेति लगाएका छन ।

कृषक समूहकी सदस्य साबित्रि खंगका अनुसार अहिले खेतबारीमै हरियो सब्जी बजारको भाउभन्दा सस्तो दरमा बिक्री भैरहेको बताइन् । सो ठाउँमा कमलामाई कृषक समुहका कारिदेवी खंग, कोशिलादेवी, रिता देवी लगायत १५ जना महिला कृषकहरुले सामुहिक तरकारी खेति गरेका छन ।

उनीहरु अहिले मेहनत र पसिनाले उत्पादन गरेको तरकारीहरु कोरोना भाइरसमा सहजताका लागि बिक्रि गरि मनङग आम्दानी गरिरहेका छन ।

महिलाहरुले आफैले लगाएको तरकारीबारीबाट राम्रो आम्दानी आउन थालेपछि उनीहरु हर्सित भएका छन । आफनो जग्गा नभएपनि उनी समूहगत रुपमा स्थानीय जग्गा धनीहरुसँग सहकार्य गरी जग्गा भाडामा लिएर व्यवसायिक तरकारी खेती गर्दै आएका छन ।

कतिपयले यसै खेतिबाट आ-आफ्नो छोरा छोरीलाई उच्च शिक्षा समेत प्रदान गर्न सफाल भएका छन् । उनीहरुको लागि अहिले शिक्षादिक्षा र गासबास, कपासको राम्रो माध्यम तरकारी खेति नै बनेको छ ।

## जनगणना स्थगित

राजविराज/राष्ट्रिय जनगणना अनिश्चितकालका लागि स्थगित भएको छ ।

मुलुकमा बढ्दो कोभिड १९ संक्रमणका कारण गत आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले जनगणना अनिश्चितकालका लागि स्थगित गर्ने निर्णय गरेको हो ।

बैठकपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बाहाङफेले १२ औं राष्ट्रिय जनगणना अनिश्चितकालिकालागि स्थगित गर्ने निर्णय भएको जानकारी दिइन् ।

उनका अनुसार कोरोना संक्रमणको महामारी कम भएपछि पुनः सूचारु गरिनेछ । आगामी जेठ २५ गतेदेखि असार ८ गतेसम्म गर्ने १२ औं जनगणना गर्ने तयारी थियो ।

## कर्मचारी संक्रमित

राजविराज/कर्मचारी संक्रमित भएपछि राजविराज नगरपालिकाले सम्पूर्ण कामकाज बन्द गरेको छ ।

एक कर्मचारीमा कोरोना संक्रमणको पुष्टि भएपछि नगरपालिकाको अति आवश्यक सेवाहरु बाहेक सम्पूर्ण सेवाहरु मंगलबारदेखी बन्द गरेको जनाएको छ ।

नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवद्वारा मंगलबार जारि विज्ञप्तिमा नगरपालिका तथा सिटिइभिटीद्वारा संचालित राजविराज पोलिटेक्निक इन्स्टीच्युटमा कार्यरत कर्मचारी संक्रमित भएको उल्लेख छ ।



# कोरोनामा स्वास्थ्यको हक : सरकारलाई १४ सुझाव



कल्पना धमला

एक्काइसौं शताब्दीमा सिंगो मानवजातिलाई नै चुनौती दिइरहेको कोभिड १९ को दोस्रो लहर तुफानी बेगमा फैलिइरहेका बेला नागरिकको स्वास्थ्यसम्बन्धी हकप्रति सरकार संवेदनशील हुन आवश्यक छ । नेपालको संविधानले आम नागरिकका लागि स्वास्थ्यसम्बन्धी मौलिक हकको निम्नानुसार व्यवस्था गरेको छ-

‘प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक सेवाबाट बन्चित गरिने छैन । प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । र, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।’

सरकारले संक्रमणको सुरुवाती अवस्थामा नै संविधानले व्यवस्था गरेको मौलिक हकलाई वास्ता गरेको छैन । सरकार अहिले भइरहेको व्यवस्थामा मात्रै भर परेको देखिन्छ । त्यसको ज्वलन्त उदाहरण हो- स्वास्थ्य मन्त्रालयले हालै जारी गरेको अपिल ।

तत्काल व्यवस्था गर्नुपर्ने पिसिआर परीक्षण, अक्सिजन, आइसीयू, भेन्टिलेटरको व्यवस्थापन, आइसोलेसन सेन्टरको स्थापना तथा अस्पतालका शैय्याहरुको विस्तार हो । अस्पताल चलाउन उपयुक्त हुने बनिरहेका संरचनाहरुमा अस्पताल चलाउने, व्यवस्था र स्वास्थ्य क्षेत्रका सम्पूर्ण जनशक्ति परिचालन गर्ने प्रारम्भिक कामसमेत नगरी अस्पतालका शैय्याहरु भरिसके ।

अब स्वास्थ्य प्रणालीले काम गर्न सकेन भनेर नागरिकलाई अपिल गर्दै सरकारले घुँडा टेक्नुले वर्तमान सरकार कति गैरजिम्मेवार छ भन्ने प्रष्ट भएको छ । सरकारसँग कहीं कतै थोरै पनि सरकार हुनुको दायित्वबोध छ भने निम्नानुसारका कामहरू गरियोस् भन्ने सुझाव दिन चाहन्छु-

१. अन्तराष्ट्रिय विमानस्थल तथा भारतको खुला नाकाबाट प्रवेश हुने व्यक्तिहरुका लागि अनिवार्य क्वारेन्टिनको व्यवस्था गर्ने र होम क्वारेन्टिनमा बस्नेलाई नियमित अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु पर्दछ ।

२. भारतसँगको खुला सीमानामा निःशुल्क मास्क वितरण, कोरोना विशेष सचेतना कार्यक्रम तथा साबुनपानीले हात धुने बुथहरुको निर्माण गर्ने । साथै समुदाय स्तरमा एन्टिजिन विधिबाट कोभिड-१९ को मास स्क्रिनिङ को व्यवस्था गर्नुपर्दछ ।

३. खोपले गम्भीर संक्रमणबाट जोगाउँछ । अहिलेसम्म केवल ५ प्रतिशतभन्दा थोरै जनताले मात्र कोभिड १९ को खोप लगाउन पाएका छन् । सबै जनतालाई खोपका साथै आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराउन मित्रराष्ट्रहरुसग उच्चस्तरीय कूटनीतिक पहल गर्नु पर्दछ ।

४. नयाँ भाइरस विशेष गरी बालबालिकाका लागि घातक रहेको हुँदा बालबालिका र अभिभावकलाई लक्षित गर्दै विशेष गरी ग्रामिण भेगमा कोरोना सचेतना स्वास्थ्य कार्यक्रम लागु गर्नुपर्दछ ।

५. सबै स्वास्थ्यचौकीहरुमा अनिवार्य मास्क, सेनिटाइजर, अक्सिमिटर र ज्वरो नाप्ने थर्मोगनका साथै आवश्यक औषधिको व्यवस्था तथा कम्तिमा जिल्ला स्तरमा अक्सिजन प्लान्टको अनिवार्य निर्माण गर्ने व्यवस्था लागू गर्नु पर्दछ ।

६. सबै अस्पतालहरुमा १२ घण्टे ओपिडी सिफ्ट ड्युटी लागू गराउने र सोको जानकारी आम जनतालाई गराउनु पर्दछ ।

७. लक्षण चिन्ह देखिएका सबै व्यक्तिहरुको अनिवार्य पीसीआर टेस्ट गर्ने व्यवस्था गराउने तथा सबै स्थानीय तहमा कन्ट्याक ट्रेसिङको टोली खडा गरी परिचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

८. कोभिड १९ का सम्पूर्ण बिरामीहरुको निःशुल्क उपचारको व्यवस्थापन सरकारले गर्ने व्यवस्था मिलाई लागू गर्नुपर्दछ ।

९. देशभर स्वास्थ्यकर्मीहरुको संख्या कति छ, यकिन गरेर सेना, सशस्त्र प्रहरी, प्रहरीको संयुक्त कमाण्ड बनाएर महामारी फैलिएका क्षेत्रहरुमा द्रुतगतिमा कोभिड १९ अस्पताल निर्माण गरी स्वास्थ्यकर्मी खटाउनुका साथ साथै कोभिडको जोखिममा काम गर्ने सबै स्वास्थ्यकर्मीलाई (सबै सरकारी र निजी क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मी) शतप्रतिशत कोभिड भत्ता उपलब्ध गराउनुपर्छ ।

१०. कोभिड १९ महामारीसँगै रोजगार गुमाएर भोकमरीको चपेटामा छटपटाएका विपन्न नागरिकहरुलाई स्थानीय सरकारमार्फत पर्याप्त खाद्यान्नको व्यवस्था मिलाउनु पर्दछ ।

११. अनावश्यक खडा गरिएका राजनीतिक नियुक्तिहरु खारेज गरेर तलब सुविधामा खर्च हुने रकम कोभिड १९ नियन्त्रणमा लगाउनु उपयुक्त हुन्छ ।

१२. प्राइभेट अस्पतालका कोभिड १९ विरुद्ध अग्रपंक्तिमा काम गर्ने सबै स्वास्थ्यकर्मीको मनोबल उच्च पार्न सतप्रतिशत कोभिड भत्ता उपलब्ध गराउने तथा कम्तिमा १ वर्ष जागिरको सुनिश्चितता गर्ने व्यवस्था लागू गर्नुपर्छ ।

१३. अक्सिजन सिलिन्डर अभावका कारण उपचारमा समस्या भई सकेकाले तुरुन्तै सिलिन्डरको व्यवस्था गर्नु पर्दछ ।

१४. स्वास्थ सेवालाई थप प्रभावकारी बनाउन केन्द्रीय नीति र विकेन्द्रीकृत कर्मचारी परिचालन गर्नुपर्ने अवस्था देखिन्छ ।

यस्तै प्रकृतिका महामारी र विपत्तिहरु सामना र नियन्त्रण गर्न सरकारले एक्लै सक्दिनँ भनेर नागरिकको संविधानप्रदत्त आधारभूत मौलिक हकको प्रत्याभूतिबाट भाग्न मिल्दैन ।

हजारौंको बलिदानबाट प्राप्त संवैधानिक लोकतान्त्रिक गणतन्त्र नेपालका हामी नागरिकले न्याय, स्वतन्त्रता, स्वाधीनताको उपयोग गर्न नपाउनु विडम्बना भएको छ । आज लोकतन्त्र मरेतुल्य अवस्थामा रहेको छ । न्यायालयले न्यायिक कुरा बोल्दैन, सक्दैन । संवैधानिक अंगहरु राजनीतिक निर्णय गर्छन् । यस्तो हुनु भनेको लोकतन्त्र कमजोर हुनु अनि संवैधानिक निरंकुशता आउनु हो ।

लोकतन्त्र कमजोर हुनुको असर नागरिकले पाउने हकमा पर्दछ । लोकतन्त्र बलियो नहुँदा राजनीतिक, आर्थिक, शिक्षा, स्वास्थ्य, गाँस, बास, कपास, न्याय, समानता र स्वतन्त्रताको सही नीति/योजना तर्जुमा गर्न र निर्णयहरु कार्यान्वयन सम्भव हुँदैन ।

सरकारले नागरिकलाई गरेको अपिलबाटै प्रष्ट हुन्छ कि लोकतन्त्रमा निरंकुशताको छायाँ लुकेको छ । त्यसैले तुरुन्त राजनीतिक दलहरुसहितको सर्वदलीय संयन्त्र निर्माण गरेर सबैको साथ लिन सक्नुपर्दछ ।

कोभिड १९ रोकथाम र नियन्त्रणका लागि आम जनताको समेत ठूलो भूमिका हुने हुँदा अत्यावश्यक कामबाहेक बाहिर ननिस्कने, भौतिक दुरी कायम गर्ने, हातको सफाइ र अनिवार्य मास्कको प्रयोग गर्ने जनस्वास्थ्यका नियमहरु पालना गर्नुपर्ने हुन्छ । ( संविधान सभा सदस्य एवं पूर्वमन्त्री कल्पना धमला नेकपा माओवादी केन्द्रकी स्वास्थ्य विभाग इञ्चार्ज हुन) रातोपाटीबाट

सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९, सप्तरी
मो.न.९८४२९९९९३९, ९८०१५४९६०१

### धितो लिलामी बिक्री सम्बन्धमा

यस जन ज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा त्रिण लिएको ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवा को लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएको हुदा निजहरुलाई पटक पटक लिखित प्रत्राचार गरिसकिएको तत्पश्चात पनि ऋण नबुझई अटेरी गरेको हुदा निज हरुलाई ऋण बुझउन आउन ३५ दिने अन्तिम पटक सुचना जारी गरिएकोमा समेत ऋण को सांवा ब्याज र हर्जना बुझाउन नआएको हुदा बाध्य भई सहकारी ऐन २०७४ को दफा ७९,८३, सहकारी नियमावली२०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिकी गरी असुल उपर गरिने भएकोले ईच्छुक व्यक्तिले सुचना प्रकासित मिति देखि ३५ सो दिनका दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन को ४ वजे सम्म सिलवन्दि लिलाम वोल प्रत्र पेश गर्न आहवान गरिन्छ ।लिलाम बढाबढ वोलपत्र पेश गर्दा आफुलेकबुल गरेको ३५औं दिन सम्मको ब्याज र हर्जना जोडि हुन आउने डाक मुल्यको ५ प्रतिशत रकम यस संस्थाको राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय राजविराज स्थित वचत खाता नं. ०३४३३०००१०१ मा रकम दाखिला गरेको भौचर संलग्न राखनु पर्नेछ । रिक्त नपुगेको ,म्यादनाघी प्राप्त भएको वोलपत्र मान्य हुने छैन ।वोलपत्र ३६ औं दिनका दिन १२ बजे बिभिन्न कार्यालय प्रनिधी हरुको रोहवर मा खोलिनेछ । सबैभन्दा बढि डाक बोल्ने व्यक्तिको नाममा डाक स्वकिृति गरिनेछ र निज ले वोलपत्र खोलेको ७ दिन भित्र पुरै रकम जम्मा गरी जेथा दाखिला खारेज गरि लग्नु पर्नै छ। निजले रकम जम्मा गरेमा निजको धरोटि रकम जफत गरि दोस्रो बढि डाक बोल्ने व्यक्तिको स्वकिृत गर्नेछ यस सम्बंधी बिवरण संस्थाको कार्यालय समयमा आई बुझन सकने छ । वोलपत्र डाक आंसिक वा पुरा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।

**तपसिल**

| क. स. | ऋणीको नाम, थर | वुवा, पति | बाजे, ससुरा | ठेगाना | मंजुर नामा दिने | ऋणको उदेश्य | ऋणीको फटो | मंजुर नामा दिने को फोटो | धितोको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | क्षेत्रफल | ठेगाना |
| १ | कल्पना साह | वुवः नन्द प्रसाद बस्नेत पतिः भोला साह | रामेश्वर साह | साविकः रायपुर ८ हालःरुपनी गाँ. पा. १ | भोला साह | बिभिन्न |  | | ०-०-९.१/२ ०-०-१४ | खोक्सर प्रवाहा ३क हालः शम्भुनाथ १ |
| २ | भोला साह | रामेश्वर साह | किसुन साह | रुपनी गाँ. पा. १ | शैल कुमारी साह - शम्भुनाथ ८) वुवा :टिराहु साह बाजे :राजेन्द्र साह तेलि | बिभिन्न | |  | ०-२-० | सखुवा पत्थरगाडा ६ क हालः शम्भुनाथ ४ |
| ३ | अनिता कुमारी सुतिहार | बिन्देश्वर बरहि | जग नारायण बरही | बसविट्टी | बिन्देश्वर बरही | बिभिन्न |  | | ०-०-५ | साविकः राजविराज ५ क हाल : राजविराज ८ |

**पुनश्चः**
लिलामि मिति : २०७८।०२।२७
स्थान : जन ज्योति कृषि सहकारी संस्था राजविराज ९, मलेठ सप्तरी
समय : विहान १० बजे देखि ५बजे सम्म

# सरकार भर्सेस कोरोना !



आयुष चौहान

नेपालमा कोरोना संक्रमित तथा यसै कारणले मृत्यु हुनेको संख्या दिनप्रति दिन बढ्दो छ। विश्वलाई नै त्रसित बनाएको कोरोनाको दोस्रो लहरले नेपाल पनि अछुतो हुन सकेन।

स्वास्थ्य मन्त्रालयले अझै संक्रमित बढेमा थेग्न नसकिने भनेर विज्ञप्ति नै जारी गरिसकेको छ। करोडौंको जनसंख्या रहेको देशमा केही हजार संक्रमित हुँदैमा देशले हात उठाउनु लजास्पद विषय हो।

लामो समयदेखि राजनीतिक संक्रमणमा फसिरहेको देशलाई भाइरसको संक्रमणसँग जुध्न निकै हम्य हम्य परिरहेको छ। सबै दलसँग हातमेलो गरेर कोरोनासँग लड्नु पर्ने बेलामा उल्टै प्रतिनिधिसभा नै विघटन गर्नाले देश झनै राजनीतिक भूमरीमा फसेको छ।

आवश्यक स्वास्थ्य सामग्री जुटाउनु पर्ने समयमा सत्ताको पछाडि लागेको परिणाम आज सम्पूर्ण देशबासीले भोगिराख्नु परेको छ। कोभिड-१९ सँग लड्नको लागि स्वास्थ्य संरचना निर्माणलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने हो तर सरकार भने कहिले बाटोको शिलान्यास त कहिले धरहराको उद्घाटनमा व्यस्त देखिन्छ।

सायद नवनिर्मित धरहराको टुप्पोबाट वीर अस्पतालमा कोरोनाले छटपटाइरहेका बिरामीको पीडा देखिदैन होला। धरहराको उचाइले गर्व गर्ने भन्दा पनि बढ्दो संक्रमण दर नियन्त्रणमा ल्याउने समय हो।

धरहराको उद्घाटनभन्दा पनि वीर अस्पतालको नयाँ भवनको उद्घाटन गर्ने समय हो। सरकार कोरोनासँग लड्न नियम बनाउने भन्दा पनि आफैले बनाएको नियम उल्लंघन गर्ने अग्रसर देखिन्छ।

जनतालाई भिड नगर्न भने पनि बालुवाटारमा आफै सयौंको संख्यामा बैठक गरिरहेको छ। कोरोनासँग जुध्ने बेलामा आफ्नै पार्टीका नेताहरुसँग जुधी रहनाले आम नेपाली सर्वसाधारणहरुले दुख पाइरहेका छन्।

उपत्यका सहित देशका विभिन्न जिल्लाहरुमा निषेधाज्ञा जारी भइसकेको छ। काठमाडौंमा अस्थाई बसोबास गर्दै आएकाहरु पुनः आफ्नो गाउँ फर्केका छन्। विगतमा प्रतिगमन रोक्न भन्दै सयौं गाडीमा जनतालाई काठमाडौं लिएर आउने नेताहरु अहिले जनतालाई साँच्चीकै आवश्यक पर्दा भने गायब छन्।

प्रतिगमनको विरोध गर्दै 'हामी यहाँ छौं' भनेर बाटोमै आएर आवाज उठाउनेहरु अहिले फसबुकका भित्ताबाट सहानुभूति व्यक्त गरिरहेका छन्। कोभिडसँग लड्न थप आवश्यक बजेट पास गर्न भन्दा पनि व्यक्तिगत तथा वैदेशिक स्वार्थ बोकेको एमसिसी सम्झौता पास गर्न उन्मुख देखिन्छन्।

प्रतिगमनको विरुद्ध विभिन्न सभा सम्मेलनमा खर्च गर्नेहरुले अहिले स्वास्थ्य शिविर आयोजना गरी जनता र सरकारलाई सहयोग गर्दिंदा के जान्थ्यो र ? प्रतिगमन भन्दै गाउँबाट गाडीका गाडी जनता ओसार्ने नेताहरुले अहिलेको परिस्थितिमा जनतालाई गाउँ जाने गाडी मिलाइदिएको भए के जान्थ्यो र ? हाम्रा छिमेकी मुलुक भारतमा अहिले दिनहुँ लाखौंको संख्यामा संक्रमितहरु बढ्दै गइरहेका छन्। नेपालभन्दा कयौं गुणा विकसित मुलुकलाई आज कोरोनाले डामाडोल बनाएको छ।

भारतको स्वास्थ्य संयन्त्रलाई समेत थला परिसकेको भाइरसले नेपालको स्वास्थ्य संयन्त्रको कुन हालत गर्ने छ भनेर सरोकारवालाहरुले समय मै सोच्न पर्छ। मित्र राष्ट्रको अवस्था हेरी अहिले समय हुँदा नै आवश्यक रणनीति बनाउन जरुरी छ।

नेपालले भारतको बढ्दो संक्रमित दरलाई मध्यनजर गरी धेरै अगाडि नाका बन्द गर्नु पर्ने थियो। अहिले ठमेलका होटेलहरु नेपाल भई विदेश जाने भारतीयहरुले भरिएका छन्। सरकारले यो विषयलाई गम्भीर रुपमा नलिए अझै संक्रमित दिन दोगुना रात चारगुना हुन सक्छ।

सरकारले तत्काल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान बन्द गर्नु पर्नेछ। भारतमा अक्सिजनको कमिले धेरैले ज्यान गुमाउनु परिरहेको छ। नेपालले त्यसबाट पाठ सिकी विभिन्न ठाउँमा अक्सिजन प्लान्ट बनाउन जरुरी छ।

संक्रमण अझै पनि पूर्ण रुपमा फैलिनसकेको अवस्थामा सम्पूर्ण हवाई उडान बन्द तथा भारतीय नाकाहरु तत्काल सिल गरी देशभित्र सक्दो स्वास्थ्य संरचना बनाउन जरुरी छ।

अस्पतालमा आवश्यक सामग्रीहरु तुरुन्त व्यवस्था गरी जस्तोसुकै परिस्थिति आएपनि लड्न तयार भएर बस्न पर्छ। स्वास्थ्यकर्मीहरुलाई भत्ता तथा आवश्यक सुविधा उपलब्ध गराई प्रोत्साहन गर्न जरुरी छ। देशमा रहेको सम्पूर्ण सरकारी तथा निजी अस्पतालको क्षमता पहिचान गरी आवश्यकता अनुसार थप गर्नका लागि तयार बस्न जरुरी छ।

सरकारले रोकथामका लागि गर्नुपर्ने कामहरु समयमा नगरेकाले अहिले यो जटिल परिस्थिति आएको हो। सरकारले स्वास्थ्य क्षेत्रमा सुधार गर्न तत्काल कदम चाल्नु पर्छ।

अब बाँकी रहेको २ वर्षको सत्ता टिकाउन दौडधुप गर्नु भन्दा पनि कोरोनाबाट सम्पूर्ण नेपाली जनतालाई सुरक्षित गर्नसके नेपाली जनताले पक्कै पनि अर्को चुनावमा बहुमतले जिताइ ५ वर्षको सरकार चलाउने अवसर दिने छन्।

मुख्यतः हामी स्वयम निषेधाज्ञाको पूर्ण पालना गरे अवश्य यस भाइरस माथि जित हासिल गर्न सक्ने छौं। सेतोपाटीबाट




डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### भारतमा एकै दिन चार लाख बढी कोभिड-१९ संक्रमित, झण्डै चार हजारको मृत्यु

**नयाँ दिल्ली**/कोरोनाभाइरस (कोभिड-१९) महामारीको दोस्रो लहरको सङ्कट व्यहोरिरहेको भारतमा विगत २४ घण्टाको अवधिमा चार लाख १४ हजार नयाँ सङ्क्रमित फेला परेका छन्। भारतमा यो सहित कूल संक्रमितको संख्या दुई करोड १५ लाख पुगेको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा थप तीन हजार ९१५ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको छ। यो सहित भारतमा कोभिडको संक्रमणबाट मृत्यु हुनेको कूल संख्या दुई लाख ३४ हजार पुगेको हो।

हाल विश्वमै कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाउनेको संख्या संयुक्तराज्य अमेरिका र ब्राजिलपछि भारत तेस्रो स्थानमा छ। संयुक्तराज्य अमेरिकामा पाँच लाख ९४ हजार तथा ब्राजिलमा चार लाख १७ हजारको ज्यान गइसकेको छ।

भारतमा अझै पनि ३६ लाख ४५ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन्। पछिल्लो २४ घण्टामा सक्रिय संक्रमित झण्डै ७९ हजार व्यक्ति थपिएका थिए। मन्त्रालयका अनुसार हालसम्म एक करोड ७६ लाख १२ हजार व्यक्ति कोभिड-१९ बाट संक्रमणमुक्त भएका छन्।

भारतमा कोभिड-१९ को दोस्रो लहरका कारण जनजीवन अस्तव्यस्त भए पनि भारत सरकारले देशव्यापी पूर्ण लकडाउन नगर्ने बताएको छ। कतिपय भारतीय राज्यहरुमा रात्रिकालीन निषेधाज्ञा वा आंशिक लकडाउन गरिएको छ। राजधानी नयाँ दिल्लीमा आगामी मे १० सम्मका लागि लकडाउन गरिएको छ।

गत जनवरीमा देशव्यापी खोप अभियान सञ्चालन गरिएको भारतमा हालसम्म करिब १६ करोड ४० लाख व्यक्तिलाई कोभिड-१९ को खोप दिइसकिएको छ। अठार वर्षभन्दा माथिका व्यक्तिका लागि गत मे १ तारिखबाट खोप अभियान शुरु भइसकेको छ।

यसैबीच, बिहीबारसम्म भारतमा कोभिड-१९ को २९ करोड ८६ लाख नमुना परीक्षण गरिएको छ। बिहीबार एकै दिन १८ लाख २६ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ।

बुधबार मात्र भारत सरकारका मुख्य वैज्ञानिक सल्लाहकार के. विजय राघवनले कोरोना संक्रमणको दर उच्च भइरहे भारतमा कोभिड-१९ को तेस्रो लहर आउन सक्ने चेतावनी दिनु भएको छ। तर उहाँले तेस्रो लहर कहिले आउँछ भन्ने बारेमा अझै प्रष्ट भइनसकेको पनि बताउनुभयो। एजेन्सी

### प्रहरी र तस्करबीच गोली हानाहान, कम्तीमा २५ जना मृत्यु

**रियो दी जेनेरो**/ब्राजिलको रियो दी जेनेरोमा बिहीबार प्रहरी र लागूपदार्थका शंकास्पद तस्करहरुबीच गोली हानाहान हुँदा कम्तीमा २५ जनाको मृत्यु भएको छ भने अरु चार जना घाइते भएका छन्।

प्रहरीका अनुसार गोली लागेर एक जना प्रहरी अधिकृतको ज्यान गएको छ। मृत्यु हुने अन्यहरुमा आपराधिक समूहका सदस्यहरु रहेको प्रहरीको भनाई छ।

उक्त गोली हानाहानको घटना स्थानीय समय अनुसार बिहीबार बिहानै भएको थियो। प्रहरीले रियो दी जेनेरोको जाकारेजिन्हो नामको झुपडबस्तीमा लागूऔषधका तस्करहरु लुकेर बसेको भन्ने सूचनाका आधारमा भिषण कारबाही गरेको थियो। यसक्रममा ठूलो संख्यामा प्रहरीहरु आधुनिक हतियार सहित उक्त बस्तीमा पुगेका थिए।

सामाजिक सञ्जालमा पोष्ट गरिएका दृश्यहरुमा झुपडबस्तीका धेरै ठाउँमा ग्यास बम बिस्फोट गरिएको र गोली चलेको आवाज सुनिएको छ। हेलिकप्टरबाट लिइएका तस्वीरहरुमा सशस्त्र तस्करहरु घरका छानाबाट भाग्दै गरेका देखिएका छन्।

जाकारेजिन्हो झुपडबस्तीलाई रेड कमान्ड नाम गरेको आपराधिक समूहले आफ्नो अखडा बनाउँदै आएको थियो। रियो दी जेनेरोका अन्य झुपडबस्तीहरु पहाडी इलाकाहरुमा रहे पनि जाकारिन्हो बस्ती भने समथल ठाउँमा छ। एजेन्सी

### 'सरकारप्रति ८५ प्रतिशत चिनियाँ सन्तुष्ट'

**बेइजिङ**/स्पेनको चीन नीति सर्वेक्षण गर्ने एउटा वेभसाइटले ८५ प्रतिशत चिनियाँहरू आफ्नो सरकारप्रति सन्तुष्ट रहेको सार्वजनिक गरेको छ। चीन समस्या विशेषज्ञ जुलियो रियोसको लेखमा अधिकांश चिनियाँ वर्तमान् नेतृत्वप्रति सकारात्मक रहेको बताइएको छ। पश्चिमी मुलुकहरूले चीनलाई बदनाम बनाउने उद्देश्य बोकेको दावी गर्दै उहाँले आफ्नो स्वार्थलाई संरक्षण गर्न पश्चिमा मुलुकहरूले गरेको प्रचारप्रसारलाई चिनियाँ परिवेशमा नरूचाइने गरेको उल्लेख छ।

जिुलियो रियोसले चीन नीति सर्वेक्षण गर्ने एउटा वेभसाइटलाई उद्धृत गर्दै बिहीबार प्रकाशित लेखमा ८५ प्रतिशत चिनियाँहरु आफ्नो सरकारप्रति सन्तुष्टि व्यक्त गरेका बताउनुभयो। रियोसका अनुसार ३५ प्रतिशत अमेरिकीहरु मात्रै अमेरिकी सरकारप्रति सन्तुष्ट छन् तर चीनको सार्वजनिक जनमत सरकारद्वारा निरन्तर रुपमा जनताको जीवनलाई सुधार गरिरहेको आधारमा जन्मिएको छ। एजेन्सी

# दुई संस्थाद्वारा महासंघलाई सहयोग प्रदान






**राजविराज**/कोराना भाइरसको संक्रमणबाट जोगिन नेपाल पत्रकार महासंघ सप्तरी शाखालाई दुई संस्थाले सहयोग प्रदान गरेको छ ।

मुद्दि मोहरम कल्याणकारी टष्ट्रले मास्क र पिपिई उपलब्ध गराएको हो ।

इश्लामिक डेभलेपमेन्ट बैंकको आर्थिक सहयोग तथा मुदी मोहरम कल्याणकारी ट्रष्ट राजविराज ४ को समन्वयमा सो सामाग्रि प्रदान गरिएको हो ।

संस्थाका उपाध्यक्ष इर्साद अंसारीले १० थान पिपिई र १४ थान केएन ९५ मास्क महासंघका शाखा अध्यक्ष श्रवणकुमार देवलाई हस्तान्तरण गरेका हुन् ।

यस्तै सरसफाई क्षेत्रमा कार्यरत समेत रहेको सबल नेपालले सरसफाई सामग्री उपलब्ध गराएको छ ।

सबल नेपालका निर्देशक दिपक झाले महासंघ सप्तरीका सभापति श्रवण कुमार देवलाई सो सरसफाई सामाग्रि मंगलबार हस्तान्तरण गरेका छन् ।

हस्तान्तरण गरिएको सामाग्रिहरुमा बाल्टिन ३ थान, जग ३ थान, हर्पिक ३ बोतल, फिनेल ३ बोतल, चर्पी ब्रस ३ थान, झाडु ३ थान, खुट्टा पुछ्ने डोरम्याट ३ थान, बेगन स्प्रे २ थान, डस्टबिन ६ थान र झोल सफा गर्ने कुचो २ थान रहेका महासंघका कोषाध्यक्ष नवीन गुप्ताले जानकारी दिए ।

सामाग्रि हस्तान्तरणपश्चात् महासंघका सभापति देवले दुबै सहयोगी संस्थालाई आगामी दिनहरुमा महासंघप्रति सहयोगको अपेक्षा राख्दै धन्यवाद दिएका थिए ।

# नेकपा एमाले सप्तरीको अध्यक्षमा ताराकान्त सचिवमा देवनाथ चयन

**राजविराज**/नेकपा एमाले सप्तरी जिल्ला कमिटीको अध्यक्षमा ताराकान्त चौधरीलाई जिम्मेवारी दिइएको छ ।

नेकपा (एमाले) प्रदेश नम्बर २ का सह-इन्चार्ज एवम् सप्तरी जिल्लाका इन्चार्ज सुमनराज प्याकुरेलको अध्यक्षता तथा पार्टीका प्रदेश नम्बर २ का अध्यक्ष ज्वाला साहको उपस्थितीमा सप्तरीको कञ्चनरुप नगरपालिकास्थित रुपनगरमा बैशाख २२ गते बसेको वैठकले सो जिम्मेवारी दिएको हो ।

यस्तै सचिवमा देवनाथ यादव र कार्यालय सचिवमा डम्बर महतोलाई सर्वसम्मत रुपमा चयन गरिएको छ ।

सोही वैठकले ताराकान्त चौधरीको संयोजकत्वमा सप्तरी निर्वाचन क्षेत्र नम्बर १ मा सोभितलाल यादव, बोधराज सुबेदी र उचित चौधरी, निर्वाचन क्षेत्र नम्बर २ मा अखिलेश झा, प्रभाकर सिंह र बिनोद यादव, निर्वाचन क्षेत्र नम्बर ३ मा निरन्जन चौधरी, अशोक यादव र दुर्गानन्द ठाकुर तथा निर्वाचन क्षेत्र नम्बर ४ मा देबचन्द्र झा र बिन्दी राम समेत रहेको १५ सदस्यीय संगठन सुदृढिकरण कार्यदल तथा २४ सदस्यीय कोभिड-१९ नियन्त्रण तथा सहजिकरण कमिटी समेत गठन गरी जिम्मेवारी दिने निर्णय गरेको हो ।

बैठकले जिल्ला कमिटी लगायत पार्टीका सम्पूर्ण मातहतका कमिटी तथा जनवर्गीय संगठनका कमिटी तथा सदस्यलाई आ-आफ्नो जिम्मेवारी बहन गरी कोभिड-१९ नियन्त्रणको सरकारी अभियानलाई सहजिकरण गर्न गराउन हुन अनुरोध गर्दै आम जनसमुदायलाई समेत कोभिड-१९ बाट सुरक्षित रहने हरसम्भव उपाय अपनाउन अनुरोध गरेको छ ।

# सजाय पाएर फरार प्रतिवादी पक्राउ

**राजविराज**/कुटपिट अंगभंग तथा रहजनी मुद्दामा सजाय पाएर फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत सप्तरीबाट कैद र जरिवाना फैसला भएको दिनबाटै फरार रहेका सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं ६ बस्ने २९ वर्षिय दिपककुमार रामलाई प्रहरीले पक्राउ गरेको हो ।

सप्तरीको साविक बिषहरिया गाविस वडा नं ३ हाल राजबिराज वडा नं १२ बस्ने ४० वर्षिय को अशोक कुमार यादवको जाहेरीले वादी कुटपिट अंगभंग तथा रहजनी चोरी समेत मुद्दामा जिल्ला अदालतले २०७५ माघ १७ गते २ बर्ष कैद र १ लाख १ सय रुपैंया जरिवाना गरेको थयो ।

प्रहरी टोलीले रामलाई पक्राउ गरी सप्तरी जिल्ला अदालतमा उपस्थित गराएर सजाय भुक्तानको लागी राजविराज कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# महासंघका सदस्य शर्मालाई पितृ शोक



**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरीका सदस्य आनन्दमोहन शर्मालाई पितृ शोक परेको छ ।

उनका पिता दिनेश्वर सुतिहारको यही बैशाख २० गते ५६ वर्षको अल्पआयुमै असायमिक निधन भएको हो ।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा बिहीबार जारि शोक विज्ञप्तिमा सुतिहारको निधनले महासंघ स्तब्ध भएको जनाइएको छ ।

जारि विज्ञप्तिमा दु:खको घडीमा इश्वरले शोक सन्तप्त परिवारमा धैर्यधारणको क्षमता प्रदान गरुन् भनि कामना गरिएको छ ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह निवासी सुतिहारको श्रीमतीसहित दुई छोरा-बुहारी छन् ।




बलान बिहुल गाउँ कार्यपालिकाको
कार्यालय सप्तरी




राजविराज नगर कार्यपालिकाको
कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*